प्रदेश सरकार

# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम (PLGSP)

प्रादेशिक कार्यक्रम कार्यान्वयन इकाई (PPIU)

प्रदेश न. १, विराटनगर, नेपाल

## सुची दर्ता गराउने सम्बन्धी सूचना

(सूचना प्रकाशन मिति: २०७७/०९/२०)

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबीच सम्झौता भइ प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम (PLGSP) कार्यान्वयनमा रहेको छ । यस कार्यक्रम अन्तर्गतको प्रादेशिक कार्यक्रम कार्यान्वयन इकाई (PPIU) को चालू आ.व. २०७७/७८ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार तपशिलका कुनै एक वा बढी विषयहरुमा कार्य गर्न इच्छुक र योग्यता पुगेका व्यक्ति, फर्म, संस्था वा कम्पनीबाट देहायका कागजातहरु सहित सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ (संसोधन सहित) को नियम १८ बमोजिम रीतपूर्वक सुची दर्ता गराउन यो सूचना प्रकाशन गरिएको छ । योग्यता पुगेका इच्छुक परामर्शदाता (व्यक्ति, संस्था वा कम्पनी) हरुले तल दिईएको इमेल ठेगाना वा स्वयं उपस्थित भइ निवेदन दिन सकिने छ । साथै, यस सम्बन्धी अन्य कुराहरुको हकमा कानून बमोजिम सम्पूर्ण अधिकार कार्यालयमा निहित रहने छ ।

तपशिल

१. दीगो विकासको लक्ष्यहरुलाई स्थानीयकरण गर्ने निर्देशिका तथा प्रादेशिक सूचक तयारी,
२. प्रदेश गरिबी न्युनीकरण रणनैतिक पत्र तयारी,
३. प्रदेश तहको लागि विभिन्न योजनाहरु निर्माण कार्य गर्ने विज्ञ,
४. प्रदेश तहको कानून, नियमावली, कार्यविधि तथा निर्देशिका निर्माण,
५. प्रदेश तहको लागि कानून तथा नियमावलीहरुको सोध तथा अध्ययन,
६. प्रदेश र स्थानीय तहहरुको विभिन्न क्षेत्रगत रणनीति पत्र, नीति, निर्देशिका तथा कार्यविधि निर्माण,
७. प्रदेश तहको लागि सार्बजनिक लेखा परिक्षण, सामाजिक परिक्षण र सार्बजनिक सुनुवाई निर्देशिका तथा कार्यविधि तयारी र संचालन,
८. प्रदेश तहको व्यवस्थापकीय परिक्षण,
९. स्थानीय तथा प्रदेश सरकारहरुका लागि सेवा प्रवाह मापदण्ड निर्माण,
१०. नागरिक सेवा सन्तुष्टि अनुगमन/सर्वेक्षण,
११. प्रदेश सरकारको महत्वपुर्ण क्षेत्रको रणनैतिक तथा नीति पत्र निर्माण,
१२. लैंगिक समानता तथा सामाजिक समावेशीकरणको प्रादेशिक नीति निर्माण तथा GESI परिक्षण,
१३. प्रदेश र स्थानीय सरकारहरुको असल अभ्यास/सफलताको कथा लेखन ।

क. आवस्यक योग्यता न्युनतम

१. संस्थागत परामर्शदाताको हकमा फर्म वा कम्पनीको विवरण, संगठन र कर्मचारी विवरण,
२. प्रस्तावित कार्यमा संलग्न हुने प्रमुख जनशक्तिको वैयक्तिक विवरण,
३. परामर्शदाताको शैक्षिक उपाधी स्नातकोत्तर वा सो सरहको हुनु पर्ने,
४. सम्बन्धित क्षेत्रमा कम्तिमा ३ वर्षको अनुभव भएको ।

ख. आवश्यक कागजातहरु

१. रीतपूर्वक ढाँचामा आधिकारिक निवेदन सार्वजनिक खरिद नियमावली २०६४ (संशोधन सहित) अनुसूची २ (क) बमोजिम,
२. फर्म, संस्था वा कम्पनी दर्ता तथा नवीकरण प्रमाण पत्रको प्रमाणित प्रतिलिपी,
३. मूल्य अभिवृद्धि कर वा स्थायी लेखा नम्बर दर्ताको प्रमाण पत्र ,
४. आ.व. २०७६/७७ सम्मको कर चुक्ता प्रमाणपत्र वा म्याद थपको प्रमाणपत्र,
५. सम्बन्धित क्षेत्रको कार्य अनुभव र कार्यदक्षता खुल्ने कागजात,
६. सम्पर्क व्यक्तिको नाम, ठेगाना, फोन, इमेल ।

निवेदन पेश गर्ने ठेगाना
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
प्रदेश न. १, विराटनगर
इमेल: ppiu.p1@plgsp.gov.np
वेबसाइट: www.ocmcm1.gov.np
फोन: ०२१-४७०५५३, ४७०५५४